लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

रुपन्देही

☎०७१-५२६५०६
Email: vethosrupandehi@gmail.com

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मिति:२०८२।०८।१७

सूचना नं. -०५/०८२/०८३

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देहीको आ. व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले २१(एकाईस) दिन भित्र मिति २०८२।०९।०८ गते सम्म। यस विज्ञ केन्द्र रुपन्देहीको कार्यालयमा **कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** बमोजिम तपसिलका कागजातहरू सहित **छापबन्दी प्रस्ताव** पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीका लागि कार्यालयको सूचनापाटी/वेबसाईट **rupandehi.vethos.gov.np** वा सूचना अधिकारीको सम्पर्क नम्बर ९८५७०११२६१ मा सम्पर्क गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

तपसिल

| क्र.सं. | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरू | न्यूनतम मापदण्ड | अनुदानको सीमा | आवेदकको किसिम |
|---|---|---|---|---|---|
| १ | उद्योग लक्षित मकै,भटमास, जौ उत्पादन सहयोग कार्यक्रम- ६० हे., १२ लाख (जिल्लाभरी) | • जमिनको तयारी,<br>• कम्पोष्ट/रसायनिक मल/औषधी खरिद,<br>• सिँचाई तथा मोटरमेल,<br>• बीउ खरिद,<br>• मेसिनरी/कृषि औजार खरिद, अन्य व्यवस्थापकीय खर्च। | • साईलेजकारखाना उद्योगसँग उत्पादन खरिद गर्ने करार सम्झौता भएको प्रस्तावकलाई प्राथमिकता दिइने,<br>• यस कार्यक्रमा सहभागी हुन कम्तीमा २० कठ्ठा खेती गर्नुपर्ने<br>• करार खेतीको हकमा कम्तीमा २ वर्षको करारनामा हुनुपर्ने। | • कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति हेक्टर बढीमा रु. २० हजार अनुदान।<br>• प्रति अनुदानग्राही अधिकतम २० हे. सम्म | कृषक/फर्म/कम्पनी/समूह/ कृषि सहकारी |
| २ | दुग्ध डेरी उद्योगलाई यन्त्र उपकरणमा सहयोग- १५ लाख (सैनामैना न.पा. ११) | • विविधिकरण तथा बजारिकरणको लागि आवश्यक पर्ने यन्त्र/उपकरण/मेशिनरी सामाग्री खरिद तथा व्यवस्थापन | • दैनिक रुपमा फर्म /कम्पनीको हकमा कम्तीमा ५०० लिटर र समूह/सहकारीको हकमा २००० लिटर दुध संकलन गरिरहेको हुनुपर्ने।<br>• बजारिकरणका लागि प्रशोधन तथा विविधिकरण कार्य गरिरहेको हुनुपर्ने। | • फर्म/कम्पनीको हकमा अधिकतम रु. ५ लाख र समूह/सहकारीको हकमा अधिकतम रु.१० लाख वा अधिकतम ५० प्रतिशत अनुदान | फर्म/कम्पनी/समूह/सहकारी |

डा. परवेज आलम

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | साइलेज/हे बनाउने उपकरण तथा मेशिनरीमा सहयोग - ३० लाख (सैनामैना न. पा. ११) | • साइलेज/हे उत्पादन गर्न आवश्यक पर्ने मेशिनरी औजार, यन्त्र तथा उपकरणहरु खरिद तथा व्यवस्थापन | • कम्तिमा १० हेक्टरमा घाँस खेति गरेको हुनुपर्ने, • साइलेज/हे बनाउने उपकरण तथा मेशिनरीको स्पेसिफिकेशन कार्यालयले स्वीकृत गरे बमोजिम हुनुपर्ने | • अधिकतम ५० प्रतिशत अनुदान सहयोग | फर्म/कम्पनी/ समूह/ सहकारी |

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन। (अनुसूची २३ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र, गत आ व को लेखापरीक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छुनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना (अनुसूची २५ बमोजिम) पेश गर्नु पर्ने छ।
६. कार्यक्रम सञ्चालनको लागी सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि। (समूह/ कम्पनी/सहकारीको हकमा)
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा। (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)
१०. जग्गाधनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र।।
११. शैक्षिक योग्यता/ अनुभव/ तालिमको प्रमाणपत्रको प्रतिलिपि

८।१६

डा. परवेज आलम
पशु विकास निर्देशक (बरी)